कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
भद्रपुर, झापा ।

प.सं.- २०८३/८४
च.नं.-

प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१२
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०८/११

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार झापा जिल्लामा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि कोशी प्रदेश, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ (संशोधन सहित), प्रदेश कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०७८ (संशोधन सहित) र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ (संशोधन सहित) को शर्तहरु पालना गरी झापा जिल्ला अन्तर्गतका व्यवसायिक पशु फार्म/उद्यमी/ व्यवसायीहरुले तोकिएको मिति भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । यस विषयमा थप जानकारीको लागि कार्यालयको फोन नं. ०२३-५२३०८७ मा सम्पर्क गर्नुहुन वा यस कार्यालयको वेबसाइट www.vhlsjhapa.koshi.gov.np बाट प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०७८ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ (चौथो संशोधन) र पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन नर्मस (पहिलो संशोधन) २०८३ डाउनलोड गर्न सक्नु हुनेछ ।

विशेष अनुरोध र जानकारी

१. अनुदानसँग सम्बन्धित तोकिएको ढाँचा अनुसारको फर्मेटहरु सम्बन्धित स्थानीय तह पशु सेवा शाखा तथा विज्ञ केन्द्रमा उपलब्ध गराइनेछ ।
२. सम्पर्क व्यक्तिहरुः
   डा. रोशन दाहाल (पशु चिकित्सक): ९८४२४८६९९७
   श्री धिरेन राई (पशु सेवा प्राविधिक): ९८४२६४९०३८
   श्री उदय नारायण यादव (सहायक मत्स्य विकास अधिकृत): ९८५२०३१०९३
३. आवेदन दस्तुरः संस्थागत रु. २००/- तथा ५० लाख भन्दा बढी कुल लागत भएको प्रस्तावकको हकमा रु. ५००/- (राष्ट्रिय वाणिज्य बैक खाता नं. १०००१००२०००१०००० , राजश्व शिर्षक १४२२९, कार्यालय कोड ३१२०२१२०११)
४. आवेदन दर्ता गर्ने स्थानः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा ।

कार्यक्रमहरु

सि.नं.	कार्यक्रमको नाम	इकाई	परिमाण	प्रति इकाई अधिकतम उपलब्ध हुने अनुदान रकम रु.	प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु/मापदण्डहरु/उपलब्ध हुने सामाग्रीहरु
१	व्यवसायिक पशुपालन फार्ममा यान्त्रिकरण सहयोग (५० % अनुदान)	पटक	१	बजेटको परिधि भित्र रही कृषकको माग अनुसारको यन्त्र उपकरणको कुल लागतको अधिकतम ५० % (जम्मा बजेट रु. ६५ लाख)	**साना व्यवसायिक गाईभैसी पालन फार्मः** कम्तीमा १० वटा उन्नत दुधालु गाईभैंसी पालन गरी कम्तीमा दैनिक ३० लिटर दुध उत्पादन गरेको हुनुपर्ने **मझौला व्यवसायिक गाईभैसी पालन**

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
भद्रपुर, झापा ।

प.सं.- २०८३/८४
च.नं.-

					फार्मः११ देखि ३० वटा उन्नत दुधालु गाईभैँसी पालन गरी कम्तीमा दैनिक ७० लिटर दुध उत्पादन गरेको हुनुपर्ने **ठूला व्यवसायिक गाईभैँसी पालन फार्मः** कम्तीमा ३१ वटा उन्नत दुधालु गाईभैँसी पालन गरी कम्तीमा दैनिक २०० लिटर दुध उत्पादन गरेको हुनुपर्ने **उपलब्ध गराउन सकिने यन्त्र उपकरणहरुः** Milking parlour, Milking machine, TMR/Feed mixture, Power chaff cutter, Silage cutter/crusher, Fodder/Hammer mill, Milk analyser, Pasteurizer, Cream separator, Boiler, Chilling vat and Generator, Automatic Dung scrapper, Air circulator, AI equipment, Knap sackDung dryer for organic manure, Water pump/High pressure washer/Jet Sprayer, Cow lifter
२	व्यवसायिक मत्स्यपालन फार्ममा यान्त्रिकरण सहयोग (५० % अनुदान)			बजेटको परिधि भित्र रही कृषकको माग अनुसारको यन्त्र उपकरणको कुल लागतको अधिकतम ५० % (जम्मा बजेट रु. १५ लाख)	**व्यवसायिक मत्स्य फर्म, मत्स्य ह्याचरी/नर्सरीकर्ताहरु** कम्तीमा ६ कट्ठा जलाशय पुग्ने गरी पोखरी निर्माण गरेको हुनुपर्ने नेपाल सरकारले सिफारिस गरेका माछाका जातहरुको हकमा मात्र लागु हुने मत्स्य ह्याचरी तथा नर्सरीको हकमा ह्याचरी तथा नर्सरीसँग सम्बन्धित पूर्वाधार तथा आवश्यक पोखरी संख्या भएको हुनुपर्ने **उपलब्ध गराउन सकिने यन्त्र तथा उपकरणहरु** Aerator, Submersible motor, Pellet Feed machine, Automatic Feeder, Multiparameter, Air blower/Compressor, Motor boring set, Feed spreader, Feed storage bin, Solar boring set, Oxygen cylinder with regulator, Water analysis kit, Weighing machine, Silpaulin pond liner, Suction pipe, Bird control device and Grass cutter

२०८३/०५/१२
शीतल भट्टराई
प्रमुख

www.vhlsjhapa.koshi.gov.np vhlsjhapa@gmail.com ०२३५२३०८७/०२३५२४१६१

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
भद्रपुर, झापा ।

प.सं.- २०८३/८४
च.नं.-

प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरुः

१. तोकिए बमोजिमको ढाँचामा आवेदन र प्रस्तावना
२. राजश्व तिरेको सक्कलै भौचर
३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४. आधिकारिक निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
५. प्यान/भ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि (धनीपुर्जा र मालपोत तिरेको रसिद, लिजमा जग्गा लिएको भए कम्तीमा १० वर्ष अवधिको करारनामा वा सम्झौता पत्रको प्रतिलिपि)
८. सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र
९. विगत ३ वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र
१०. स्थानीय तहमा किसान सूचीकरण गरेको भएमा सोको प्रमाणपत्र (त्यस्ता प्रस्तावकलाई प्राथमिकता दिइनेछ)
११. एकाघरको परिवारको नाममा जग्गा भए मन्जुरीनामा ।
१२.लागत साझेदारी गर्ने रकमको स्रोत/बैङ्क स्टेटमेन्ट/वित्तीय संस्थाको प्रतिबद्धता पत्र
१३.अन्य थप कागजात कार्यक्रमको प्राविधिक मापदण्ड अनुसार माग गर्न सकिनेछ ।

२०८३/०७/१२
शितल भट्टराई
कार्यालय प्रमुख